# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) धनगढी, नेपाल, कार्तिक ०६ गते, २०७६ साल (अतिरिक्ताङ्क १४

## भाग २

## सुदूरपश्चिम प्रदेश सरकार

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको

## सूचना

**सुदूरपश्चिम प्रदेशस्तरीय संयुक्त बजार अनुगमन निर्देशिका, २०७६**



**प्रस्तावना:** उपभोक्ता हक अधिकार संरक्षण र बजार अनुगमन, उपभोक्ताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्न, उपभोग्य वस्तु तथा सेवाको गुणस्तर, परिमाण एवं मूल्यको अनियमितताबाट उपभोक्तालाई संरक्षण प्रदान गर्न, वस्तु तथा सेवाको उत्पादनस्थल वा भन्सारविन्दु, ढुवानीमार्ग, भण्डारण तथा सञ्चयस्थल, थोक तथा खुद्रा बिक्रीस्थल र उपभोगस्थल लगायतका ठाउँहरूमा वस्तु तथा सेवा प्रदायक वा बिक्रेताको व्यावसायिक कारोवारको दर्ता, नवीकरण, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापन लगायतका व्यापारिक क्रियाकलापको नियमन गर्न वाञ्छनीय भएकोले,

प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो निर्देशिका जारी गरेको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस निर्देशिकाको नाम "सुदूरपश्चिम प्रदेशस्तरीय संयुक्त बजार अनुगमन निर्देशिका, २०७६" रहेको छ।

(२) यो निर्देशिका प्रदेश सरकारबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

(३) यो निर्देशिका सुदूरपश्चिम प्रदेशभर लागु हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "अनुगमन टोली" भन्नाले विशेषज्ञ सहितको बजार अनुगमन टोली सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण कार्यालय वा घरेलु तथा साना उद्योग कार्यालय वा घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय सम्झनु पर्छ।

(ग) "जिल्ला बजार अनुगमन समिति" भन्नाले जिल्लामा अनुगमन गर्न गठन भएको दफा ७ बमोजिमको जिल्ला बजार अनुगमन समिति सम्झनु पर्छ।

(घ) "निर्देशनालय" भन्नाले उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सम्झनु पर्छ।

(ङ) "प्रदायक" भन्नाले वस्तु तथा सेवाको उत्पादक, आयातकर्ता, भण्डारण वा बिक्रीवितरण गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ।

(च) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्छ।

(छ) "प्रदेश बजार अनुगमन समिति" भन्नाले प्रदेशस्तरमा गठन भएको दफा ६ बमोजिमको प्रदेशस्तरीय बजार अनुगमन समिति सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ।

(झ) "वस्तु" भन्नाले उपभोक्ताले उपभोग वा प्रयोग गर्ने वस्तुको सम्मिश्रणवाट बनेको पदार्थ सम्झनु पर्दछ र सो शब्दले उपभोग्य वस्तुको निर्माणमा प्रयोग हुने





कच्चा पदार्थ, रङ्ग, सुगन्ध वा रसायनलाई समेत जनाउँछ।

(ञ) "बिक्रेता" भन्नाले वस्तु तथा सेवाको उत्पादक, पैठारीकर्ता, थोक वा खुद्रा बिक्रेता, सेवा प्रदायक सम्झनु पर्दछ। सो शब्दले होटल, लज, होस्टेल, खाजाघर सञ्चालक आदिलाई समेत जनाउनेछ।

(ट) "समन्वय समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको प्रदेश बजार अनुगमन समन्वय समिति भन्ने सम्झनु पर्दछ।

(ठ) "सेवा" भन्नाले व्यावसायिक सेवा, सञ्चार सेवा, निर्माण तथा इञ्जिनियरिङ सेवा, वितरण सेवा, शिक्षा सेवा, वातावरणीय सेवा, वित्तीय सेवा, स्वास्थ्य र सामाजिक सेवा, पर्यटन सेवा, मनोरञ्जन तथा खेलकुद सेवा, यातायात सेवा लगायतका दस्तुर वा पारिश्रमिक लिई वा नलिई प्रदान गरिने सबै प्रकारका सेवाहरू सम्झनु पर्छ।

## परिच्छेद-२

## प्रदेश बजार अनुगमन समन्वय समिति

३. <u>प्रदेश बजार अनुगमन समन्वय समितिः</u> (१) वस्तु र सेवाको नियमन गर्ने विभिन्न अधिकारी तथा निकायको अनुगमन सम्बन्धी कामलाई एकीकृत तथा प्रभावकारी बनाउने कार्ययोजना तयार गर्न र वस्तु वा सेवाको बजार अनुगमन

गर्दा तत्काल आइपर्ने समस्याको समाधान गर्नका लागि सुदूरपश्चिम प्रदेशमा देहाय बमोजिमको प्रदेश बजार अनुगमन समन्वय समिति रहनेछः-

(क) सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय - संयोजक

(ख) अधिकृत प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय - सदस्य

(ग) अधिकृत प्रतिनिधि, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(घ) अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(ङ) अधिकृत प्रतिनिधि, सामाजिक विकास मन्त्रालय - सदस्य

(च) अधिकृत प्रतिनिधि, भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - सदस्य

(छ) अधिकृत प्रतिनिधि, भौतिक पूर्वाधार मन्त्रालय - सदस्य

(ज) प्रादेशिक राजधानी रहेको जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि - सदस्य

(झ) प्रादेशिक राजधानी रहेको स्थानीय तहको कार्यालयको अधिकृत प्रतिनिधि - सदस्य





(ञ) अधिकृत प्रतिनिधि, प्रदेश प्रहरी कार्यालय - सदस्य

(ट) अध्यक्ष, प्रदेश राजधानी रहेको जिल्लाको उद्योग वाणिज्य संघ - सदस्य

(ठ) उपभोक्ता हित संरक्षणमा प्रदेशस्तरमा क्रियाशिल संस्थाका प्रतिनिधि मध्येवाट कम्तीमा एक जना महिला सहित मन्त्रालयले तोकेको दुई जना - सदस्य

(ड) महाशाखा प्रमुख, वाणिज्य, प्रशासन तथा उपभोक्ता हित संरक्षण - सदस्य

(ढ) निर्देशक, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय - सदस्य-सचिव

(२) समन्वय समितिले आवश्यक देखेका विषयसँग सम्बन्धित संघीय सरकार वा प्रदेश सरकारका कुनै अधिकृतस्तरको कर्मचारी वा विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

४. **प्रदेश बजार अनुगमन समन्वय समितिको काम, कर्तव्य र अधिकारः** दफा ३ बमोजिम गठन भएको प्रदेश बजार अनुगमन समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) उपभोक्ता हित संरक्षणको लागि आवश्यक नीति निर्माण गर्ने,

(ख) अत्यावश्यक वस्तु तथा सेवाहरूको माग र आपूर्ति सम्बन्धी तथ्याङ्क संकलन गरी सो अनुसार मागको प्रक्षेपण गर्ने,

(ग) अनुसूची-१ बमोजिमको फाराममा उल्लेख भए अनुसार प्रस्तुत गरेको बजार अनुगमन सम्बन्धी प्रतिवेदन उपर विश्लेषण गरी आवश्यक निर्देशन दिने,

(घ) उपभोक्तको हित संरक्षण गर्न आपूर्ति व्यवस्था र उपभोग्य वस्तु तथा सेवाको नियमित तथा आकस्मिक अनुगमन गर्ने,

(ङ) बजार अनुगमन सम्बन्धी कामको मूल्याङ्कन गर्ने र अनुगमन समिति तथा टोलीलाई आवश्यकता अनुसार मार्गदर्शन गर्ने,

(च) प्रदेश सरकारले दिएको अन्य निर्देशन र आदेशको कार्यान्वयन गर्ने, गराउने।

५. <u>प्रदेश बजार अनुगमन समन्वय समितिको बैठक सम्बन्धी कार्यविधिः</u> दफा ३ बमोजिम गठन भएको प्रदेश बजार अनुगमन समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि देहाय बमोजिम हुनेछः-

(क) प्रदेश बजार अनुगमन समन्वय समितिको बैठक कम्तीमा वर्षमा चार पटक बस्नु पर्नेछ,

(ख) समितिले बैठक सम्बन्धी आफ्नो कार्यविधि आफै तयार गर्नेछ,

(ग) समितिको सचिवालय मन्त्रालयमा रहनेछ।





## परिच्छेद-३

## <u>बजार अनुगमन सम्बन्धी व्यवस्था</u>

६. <u>प्रादेशिक बजार अनुगमन समितिः</u> (१) वस्तु तथा सेवा प्रदायक व्यवसायको दर्ता, नवीकरण, आपूर्ति, मूल्य, नापतौल, विज्ञापन आदि लगायत व्यापारिक क्रियाकलापको नियमित एवं आकस्मिक अनुगमन गर्नलाई उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको निर्देशकको संयोजकत्वमा देहाय बमोजिमको प्रदेश बजार अनुगमन समिति रहनेछः-

(क) निर्देशक, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय - संयोजक

(ख) जिल्ला प्रशासन कार्यालयको अधिकृत एकजना प्रतिनिधि - सदस्य

(ग) जिल्ला समन्वय समितिको अधिकृत एकजना प्रतिनिधि - सदस्य

(घ) विषयगत विज्ञ (गुणस्तर तथा नापतौल वा खाद्य प्रविधि तथा गुणनियन्त्रक वा स्वास्थ्य वा औषधी वा पशुसेवा वा कृषि वा यातायात वा शिक्षा आदि) १ जना - सदस्य

(ङ) सम्बन्धित स्थानीय तहको अधिकृत प्रतिनिधि एकजना - सदस्य

(च) सम्बन्धित आन्तरिक राजस्व कार्यालयको प्रतिनिधि एक जना - सदस्य

(छ) स्थानीय सुरक्षा निकाय (नेपाल प्रहरी) को प्रतिनिधि एक जना - सदस्य

(ज) उपभोक्ता हित संरक्षणमा क्रियाशिल संस्थाको मनोनीत प्रतिनिधि एक जना - सदस्य

(झ) उद्योग वाणिज्य संघको प्रतिनिधि एक जना - सदस्य

(ञ) वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयको प्रतिनिधि - सदस्य

(ट) घरेलु तथा साना उद्योग कार्यालय वा घरेलु तथा साना उद्योग विकास समितिको अधिकृत प्रतिनिधि -सदस्य-सचिव

(२) उपदफा (१) अनुसारका समितिका सदस्यहरूमध्येवाट कम्तीमा पाँच जना प्रतिनिधि संलग्न अनुगमन टोली बनाई बजार अनुगमन सम्बन्धी कार्य गरिनेछ। तर कुनै विषयगत क्षेत्रको अनुगमन गर्ने कार्यमा सम्बन्धित विषयगत क्षेत्रको विज्ञ/प्राविधिक प्रतिनिधि अनिवार्य रुपमा समावेश गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिले प्रदेशभरी जुनसुकै स्थानमा गई अनुगमन गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिले जिल्लास्तरमा बजार अनुगमन गर्दा जिल्ला अनुगमन समितिका पदाधिकारीलाई समेत आमन्त्रण गरी बजार अनुगमन गर्न सक्नेछ।



खण्ड ३) अतिरिक्ताङ्क १४, प्रदेश राजपत्र भाग २ मिति २०७६।०७।०६

(५) उपदफा (२) बमोजिमको बजार अनुगमन टोलीमा सम्बन्धित स्थानीय तहको अधिकृत प्रतिनिधि रहनु पर्नेछ ।

(६) बजार अनुगमन टोलीले बजार अनुगमनको प्रतिवेदन भोलिपल्ट निर्देशनालय समक्ष पेस गर्नु पर्नेछ।

(७) उपदफा (१) बमोजिमको समितिले मासिक रुपमा अनुसूची-१ को ढाँचामा बजार अनुगमनको एकीकृत प्रतिवेदन तयार गरी निर्देशनालयमा पेस गर्नु पर्नेछ।

(८) उपदफा (४) बमोजिम निर्देशनालयमा पेस भएको प्रतिवेदन निर्देशनालयले ७ दिन भित्र दफा ३ बमोजिमको बजार अनुगमन समन्वय समिति समक्ष पेस गर्नु पर्नेछ।

(९) दफा (६) बमोजिमको समितिले अनुगमन गर्ने तरिका आफैले निर्धारण गरे बमोजिम हुनेछ।

७. <u>जिल्ला बजार अनुगमन समितिः</u> (१) वस्तु तथा सेवा प्रदायक व्यवसायको दर्ता, नवीकरण, आपूर्ति, मूल्य, नापतौल, विज्ञापन लगायत व्यापारिक क्रियाकलापको नियमित एवं आकस्मिक अनुगमन गर्नलाई देहाय बमोजिमको जिल्ला बजार अनुगमन समिति रहनेछः-

(क) उद्योग अधिकृत, घरेलु तथा साना उद्योग कार्यालय - संयोजक

(ख) वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण कार्यालयको एकजना प्रतिनिधि - सदस्य

(ग) जिल्ला प्रशासन कार्यालयको एकजना प्रतिनिधि - सदस्य

(घ) जिल्ला समन्वय समितिको एकजना प्रतिनिधि - सदस्य

(ङ) विषयगत विज्ञ (गुणस्तर तथा नापतौल वा खाद्य प्रविधि तथा गुण नियन्त्रक वा स्वास्थ्य वा औषधी वा पशुसेवा वा कृषि वा यातायात वा शिक्षा आदि) १ जना - सदस्य

(च) सम्बन्धित स्थानीय तहको कार्यालयको एक जना प्रतिनिधि - सदस्य

(छ) सम्बन्धित आन्तरिक राजस्व कार्यालयको एक जना प्रतिनिधि - सदस्य

(ज) स्थानीय सुरक्षा निकाय (नेपाल प्रहरी) को प्रतिनिधि एकजना - सदस्य

(झ) उपभोक्ता हित संरक्षणमा क्रियाशिल संस्थावाट मनोनीत प्रतिनिधि एक जना - सदस्य

(ञ) उद्योग वाणिज्य संघको प्रतिनिधि एक जना - सदस्य

(ट) वाणिज्य कार्यालय वा घरेलु तथा साना उद्योग कार्यालय वा घरेलु तथा साना उद्योग विकास समितिको सम्बन्धित शाखा हेर्ने कर्मचारी - सदस्य-सचिव





(२) उपदफा (१) अनुसारका समितिका सदस्यहरू मध्येवाट जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि अनिवार्य एकजना सहित पाँच जना प्रतिनिधि संलग्न अनुगमन टोली बनाई बजार अनुगमन सम्बन्धी कार्य गरिनेछ। तर कुनै विषयगत क्षेत्रको अनुगमन गर्ने कार्यमा सम्बन्धित विषयगत क्षेत्रको विज्ञ/प्राविधिक प्रतिनिधि अनिवार्य रुपमा समावेश गराउनु पर्नेछ।

८. **बजार अनुगमन समितिको काम, कर्तव्य र अधिकारः** दफा ६ र दफा ७ बमोजिमको बजार अनुगमन समितिको काम, कर्तव्य र अधिकार प्रचलित कानूनको अधीनमा रही देहाय बमोजिम हुनेछः-

(क) बजार अनुगमनको पूर्व कार्ययोजना र आवश्यकता अनुसार अनुगमन कार्यतालिका बनाई बजार अनुगमन गर्ने,

(ख) स्वीकृत कार्ययोजना बमोजिम नियमित रुपमा बजार अनुगमन गर्ने र आवश्यकता बमोजिम आकस्मिक वा विशेष अनुगमन गर्ने,

(ग) वस्तु तथा सेवाको दर्ता, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापन लगायतका व्यापारिक क्रियाकलापको अनुगमन गर्ने,

(घ) कालोबजारी, एकाधिकार (सिन्डिकेट), मिलीमतोपूर्ण भाउ निर्धारण (कार्टेलिङ्ग), कृत्रिम अभाव तथा बजार प्रवेशमा अवरोध

गर्ने जस्ता गैर प्रतिस्पर्धी व्यापारिक क्रियाकलाप भए वा नभएको अनुगमन गर्ने,

(ङ) कुनै वस्तुको अनुचित व्यापारिक क्रियाकलाप (मिसावट/गुणस्तरहीन), कम तौल भएको देखिएमा वा भेटिएमा आवश्यकता अनुसार त्यस्ता वस्तु जफत गर्ने, नष्ट गर्ने, कारोवार रोक्का गर्ने वा बन्द गर्ने लगायतका कार्य गर्ने,

(च) बजार अनुगमन समन्वय समितिवाट समय समयमा दिइएका निर्देशन एवं आदेश बमोजिमका कामहरू गर्ने,

(छ) उपभोक्ता हितका विषयमा व्यक्ति वा सम्बन्धित निकाय वा संस्थावाट प्राप्त सूचना, उजुरी वा गुनासा उपर कारवाही गर्ने।

९. <u>बजार अनुगमन कार्यविधिः</u> बजार अनुगमन टोलीले बजार अनुगमन गर्दा निम्न विषयमा विशेष ध्यान दिई अनुसूची-३ बमोजिमको फाराम भरी बजार अनुगमनको प्रमाणित फाराम सम्बन्धित व्यवसायीलाई दिनु पर्नेछः-

(क) बिक्रेता वा सेवा प्रदायकले नियामक निकायवाट कानून बमोजिम प्रदान गरिने गरेको व्यवसाय दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर (PAN) को प्रमाण-पत्र, मूल्य अभिवृद्धि कर (VAT) को प्रमाण-पत्र, खाद्य





अनुज्ञा-पत्र, औषधी बिक्रेता प्रमाण-पत्र लगायतका आवश्यक कागजातहरू लिएको छ/छैन, प्रमाणपत्र नियमित रुपमा नवीकरण भए/नभएको हेर्ने। साथै प्रमाणपत्र नलिएको वा नवीकरण गरेको नदेखिएमा बढीमा ७ दिनभित्र सो कार्य गरी कार्यालयमा पेस गर्न लिखित निर्देशन दिने,

(ख) बिक्रेता वा सेवा प्रदायकले आफ्नो व्यवसायको साइनबोर्ड राखेको छ वा छैन हेर्ने। नराखेको भए ३ दिनभित्रमा राखी कार्यालयमा जानकारी दिन लिखित निर्देशन दिने,

(ग) प्रदायकले वस्तुको बिक्री कक्षमा मूल्यसूची राखेको छ वा छैन हेर्ने नराखेको भए ३ दिन भित्रमा राखी कार्यालयलाई सोको जानकारी दिन लिखित निर्देशन दिने,

(घ) माल, वस्तुको परिमाण, मूल्य, गुणस्तर र तौल ठिक छ वा छैन हेर्ने,

(ङ) प्याकेजिङ्ग गरिएको वस्तुको लेबलमा उत्पादक वा पैठारीकर्ताको नाम, उत्पादन मिति, उपभोग्य अवधि वा मिति, अधिकतम खुद्रा मूल्य, मिश्रण, भण्डारण र उपभोग गर्ने तरिका उल्लेख गरिएको छ वा छैन हेर्ने

नभएको पाइएमा राख्न आवश्यक निर्देशन दिने,

(च) औषधी वा औषधीयुक्त पदार्थ भए सोको प्याकिङ्ग प्रयोग गर्ने तरिका उल्लेख छ/छैन हेर्ने। औषधीविज्ञ (फार्मासिष्ट) औषधी बिक्री स्थलमा भए वा नभएको एवं औषधी बिक्रेता प्रमाणपत्र समेत हेर्ने नभएको पाइएमा उक्त विवरण राख्न निर्देशन दिने,

(छ) उपभोग्य मिति नाघेको औषधी, प्रशोधित पानी, बिस्कुट, पाउरोटी लगायतका खाद्य तथा उपभोग्य पदार्थहरू फेला परेमा नष्ट गरी त्यस्ता उपभोग्य मिति नाघेका वस्तुहरू नराख्न निर्देशन दिने,

(ज) उत्पादन मिति, उपभोग्य मिति केरमेट गरेको वा पुनः लेबलिङ्ग वा छपाई गरेको छ वा छैन हेर्ने। पुनः लेबलिङ्ग वा छपाई गरेको पाइएमा त्यस्तो वस्तु जफत गर्ने, वस्तुको प्रकृति अनुसार मुचुल्का गरी नष्ट गर्ने र त्यस्ता वस्तुहरू नराख्न निर्देशन दिने,

(झ) माछामासु, फलफूल, तरकारी, मिठाई पसल, डेरी र होटल बधशाला वा माछा मासु बिक्रीस्थल सफासुग्घर र मापदण्ड अनुसार छ/छैन हेर्ने। नभएमा कसुरको प्रकृति अनुसार सजग गराउने वा चेतावनी दिने





तथा अटेरी गरेमा तोकिए बमोजिम दण्ड जरिवाना गर्ने,

(ञ) बिक्रेता वा क्रेतालाई वस्तुको बिल बीजक जारी गरेको छ/छैन हेर्ने नभए बिल अनिवार्य जारी गर्न निर्देशन दिने।

## परिच्छेद-४

## उजुरी सम्बन्धी व्यवस्था

१०. <u>उजुरी दिन सक्ने</u>ः (१) कुनै वस्तु तथा सेवाको बिक्रेता वा प्रदायकले उपभोक्ताको हित विपरित व्यापारिक क्रियाकलाप गरेको भनी कुनै पनि व्यक्तिले बजार अनुगमन समन्वय समिति वा निर्देशनालयमा मौखिक वा लिखित सूचना वा उजुरी दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निकायले उजुरी वा सार्वजनिक सञ्चार माध्यमवाट प्राप्त सूचनालाई उजुरीको रूपमा ग्रहण गर्न सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिमको उजुरी वा अन्य कुनै सरकारी निकायवाट अनुगमनको लागि लेखी आएमा सोलाई समेत उजुरीको रुपमा ग्रहण गरी बजार अनुगमन टोलीले अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा बिक्रेता वा सेवा प्रदायकले प्रचलित कानून वा मापदण्ड विपरित व्यापारिक क्रियाकलाप गरेको पाइएमा तत्काल

कारवाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

११. **गुनासो/उजुरी सुन्ने व्यवस्थाः** (१) बजार अनुगमन टोलीले गरेको काम कारवाहीमा चित्त नबुझेमा बिक्रेताले प्रचलित कानून बमोजिम निर्देशनालय तथा बजार अनुगमन समन्वय समिति समक्ष लिखित रुपमा गुनासो/उजुरी दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त गुनासो/उजुरीलाई एक हप्ताभित्र टुङ्ग्याई गुनासो/उजुरीकर्तालाई जानकारी दिनुपर्नेछ।

## परिच्छेद -५

## अनुगमन सम्बन्धी प्रक्रिया

१२. **अनुगमनको पूर्व तयारीः** अनुगमन टोलीले अनुगमन गर्नुपूर्व देहायको तयारी गर्नु पर्नेछः-

(क) निरीक्षण वा अनुगमनमा जानुपूर्व अत्यावश्यक वस्तु तथा सेवामध्ये कुन कुन विषयलाई पहिलो प्रथमिकतामा राख्ने भन्ने किटान गरी विषयसूची तयार गर्नु पर्नेछ,

(ख) अनुगमनमा जाँदा अनुगमन गरिने वस्तु तथा सेवासँग सम्बन्धित ऐन नियमहरू, विवरण र चेकलिष्ट साथै लिइ जानु पर्नेछ,

(ग) वस्तु तथा सेवाको आपूर्ति, बिक्री वितरण, मूल्य, गुणस्तर आदिको वारेमा पर्याप्त सूचना र जानकारी हासिल गर्नु पर्नेछ,





(घ) अनुगमन वा निरीक्षण गर्न जानु अगावै तालिका बनाई आवश्यक पर्ने साधन, स्रोत र सुरक्षा आदिको पूर्व तयारी गर्नु पर्नेछ।

१३. **बजार अनुगमन गर्ने प्रक्रियाः** (१) बजार अनुगमन गर्दा अनुगमनमा खटिई जाने व्यक्तिले आफ्नो परिचय पत्र देखाई बजार अनुगमन गर्नु पर्नेछ। अनुगमन टोलीका संयोजकले अनुगमनको आवश्यकता वारे जानकारी गराउनु पर्नेछ र सम्बन्धित व्यवसायीले बिना कुनै अवरोध अनुगमन गर्न दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बजार अनुगमन गर्दा सम्बन्धित व्यवसायीले वाधा विरोध गरेमा वाधा विरोध गर्नेलाई प्रचलित कानून बमोजिम कारवाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

(३) अनुगमन टोलीले बजार अनुगमन गर्दा वस्तु तथा सेवाको नमूना संकलन गर्नुपर्ने देखिएमा प्रचलित कानून बमोजिम नमूना संकलन गरी सोको यथार्थ विवरण खुलाई सम्भव भएसम्म सम्बन्धित व्यवसायीको समेत दस्तखत भएको स्थलगत मुचुल्का बनाउनु पर्नेछ। सम्बन्धित व्यवसायीले मुचुल्का दस्तखत गर्न नमानेमा सोही व्यहोरा जनाई उपस्थित व्यक्तिहरूको रोहबरमा मुचुल्का तयार गरी आवश्यकता अनुसार सिलबन्दी समेत गरी परीक्षणको लागि यथाशिघ्र सम्बन्धित निकायमा नमूना सहित लेखी पठाउनु पर्नेछ।

(४) अनुगमन टोलीले बजार अनुगमन गर्दा तत्काल केही सुधार गर्नुपर्ने देखेमा सम्बन्धित व्यवसायीलाई अवधि तोकी स्थलगत लिखित निर्देशन दिई सुधार गर्न लगाउनु पर्नेछ।

(५) बजार अनुगमन टोलीले बजार अनुगमन गर्दा कुनै वस्तु तत्काल नष्ट नगरे जनस्वास्थ्यमा असर पर्ने देखिएमा त्यस्ता वस्तुको नमूना सङ्कलन गरी प्रमाणको रुपमा सुरक्षित राखी अरु प्रचलित कानून बमोजिम आवश्यक प्रक्रिया पुऱ्याई सम्बन्धित व्यवसायी र उपस्थित व्यक्तिहरूको रोहबरमा मुचुल्का गरी वातावरणमा असर नपर्ने गरी त्यस्तो वस्तु नष्ट गर्नु पर्नेछ। संकलित नमूना आवश्यकता अनुसार परीक्षणका लागि प्रयोगशालामा पठाउनु पर्नेछ।

(६) बजार अनुगमन टोलीले अनुगमन गर्दा सेवा वा वस्तु राखेको स्थानको नियमानुसार जाँचबुझ वा खानतलासी गर्न सक्नेछ। खानतलासीबाट वस्तु वा सेवाको बिक्री वितरणमा अनुचित वा अनियमित कार्य गरेको पाएमा आवश्यकतानुसार त्यस्तो सेवा वा वस्तुको प्रयोग वा बिक्री वितरणमा रोक लगाउन सक्नेछ।

(७) अनुगमन गरिएका मालवस्तुको प्रकृति अनुसार मुचुल्का उठाउनु पर्नेमा अनुसूची-४ बमोजिमको ढाँचामा मुचुल्का उठाउने, चेकलिष्ट अनुसार भए वा नभएको हेर्ने र नमूना परीक्षण लिनुपर्ने भएमा प्रदेश कानूनमा व्यवस्था भएकोमा सोही बमोजिम र अन्यथा नेपाल गुणस्तर (प्रमाण





चिन्ह) ऐन, २०३७ वा उपभोक्ता संरक्षण ऐन, २०७५ वा खाद्य नियमावली, २०२७ वा प्रचलित कानून बमोजिम नमूना संकलन गर्नु पर्नेछ।

(८) निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा उपभोग्य वस्तु रोक्का राख्नुपर्ने भएमा प्रदेश कानूनमा व्यवस्था भएकोमा सोही बमोजिम अन्यमा स्ट्याण्डर्ड नापतौल ऐन, २०२५ वा नेपाल गुणस्तर (प्रमाण चिन्ह) ऐन, २०३७ वा उपभोक्ता संरक्षण ऐन, २०७५ वा खाद्य नियमावली, २०२७ वा अन्यमा प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।

(९) सिलबन्दी गर्नु पर्दा प्रचलित कानूनमा व्यवस्था भएकोमा सोही बमोजिम अन्यथा वस्तु वा मालसामान सिलबन्दी गर्नुपर्दा स्ट्याण्डर्ड नापतौल ऐन, २०२५ वा नेपाल गुणस्तर ऐन, २०३७ वा खाद्य नियमावली, २०२७ वा अन्यमा प्रचलित कानून अनुसार गर्नु पर्नेछ।

(१०) खाद्य प्रशोधन गर्न आवश्यक पर्ने कुनै उपकरण जडान भै कुनै वस्तु वा पदार्थको उत्पादन गरिएकोमा अनुगमन गर्ने निकायले उत्पादन प्रशोधन कानूनसम्मत भए नभएको हेरी नभएको भए त्यस्तो स्थानमा सिलबन्दी गर्न सक्नेछ। यसरी सिलबन्दी गरिएकोमा प्रशोधन उद्योगलाई निश्चित समयावधि दिई आवश्यक मापदण्ड पूरा गरी सुधार गर्न निर्देशन दिन सकिनेछ।

(११) उपदफा (१०) बमोजिम निर्देशन दिएकोमा उद्योगले सुधारात्मक कार्यहरू गरी सिलबन्दी हटाई पाउँ भनी कार्यालयमा निवेदन दिएमा कार्यालयले बजार अनुगमन

समितिवाट अनुगमन गराई सुधार भएको पाइएमा सिलबन्दी हटाई दिन सक्नेछ तर सुधार भएको नपाइएमा कानून बमोजिम कारवाही अगाडि बढाउनेछ। बजार अनुगमन समितिवाट कारवाही प्रक्रिया बढाउँदा अनुसूची-५ बमोजिमको ढाँचामा तारेख पुर्जी समेत दिन सक्नेछ।

(१२) वस्तु वा सेवा क्षेत्रमा अनुचित व्यापारिक क्रियाकलाप, कानूनद्वारा नियन्त्रित वा निषेधित व्यापारिक क्रियाकलाप र एकाधिकारपूर्ण व्यापारिक क्रियाकलाप भए वा नभएको विषयमा समेत अनुगमनका क्रममा हेर्नु पर्नेछ।

## परिच्छेद -६

## आचार संहिता

१४. आचार संहिताः बजार अनुगमन गर्न जाने अनुगमन टोलीका सदस्यले निम्न बमोजिमको आचार संहिता पालना गर्नु पर्नेछः-

(क) अनुगमन टोलीले अनुगमन गर्ने स्थल र अनुगमन गरिने वस्तुको वारेमा सो कार्यमा संलग्न सदस्यहरू वाहेक अरू कसैलाई पनि सो वारेमा पूर्वसूचना वा जानकारी गराउनु हुँदैन,

(ख) अनुगमनमा खटिने व्यक्तिले आफ्नो नातागोता वा इष्टमित्र कहाँ अनुगमन गर्न जानु हुँदैन,

(ग) अनुगमन कार्यमा संलग्न कुनै पनि सदस्यले अनुगमन गर्ने बिक्रेता व्यवसायीवाट कुनै पनि किसिमको चन्दा, दान, दातव्य वा उपहार स्वीकार गर्नु हुँदैन,





(घ) अनुगमन गर्न जाँदा प्रदायकहरूले दिएको सुविधा तथा आतिथ्य स्वीकार गर्नु हुँदैन,

(ङ) कुनै किसिमको प्रलोभन वा मोलाहिजामा पर्नु हुँदैन,

(च) अनुगमनको कारवाही सम्बन्धी सूचना प्रवाह गर्दा अनुगमन टोलीको नेतृत्व गर्ने व्यक्तिवाट मात्र प्रवाह गर्नु पर्नेछ तथा अनुगमन टोलीमा रहने अन्य सदस्यहरूको जानकारी दिनु हुँदैन,

(छ) बजार अनुगमन गर्दा अनुगमन टोलीका पदाधिकारीहरू प्रदायक समक्ष मर्यादित तरिकाले प्रस्तुत हुनुपर्ने र व्यवसायीको भण्डारण स्थल वा पसलवाट जथाभावी तरिकाले माल वस्तु निकाल्नु हुँदैन,

(ज) अनुगमन टोलीका कुनै सदस्यले अनुगमन सम्बन्धी कार्य गर्दा गोप्यता भङ्ग गर्ने लगायत अन्य कुनै गैरकानूनी काम गरेमा कर्मचारी भए प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्न र अन्य व्यक्ति भए टोलीवाट हटाई प्रचलित कानून बमोजिम कारवाही गर्न सकिनेछ,

(झ) मानव अधिकारवादी संघसंस्था, उपभोक्ता हकहित संरक्षण कार्यमा संलग्न संस्थाहरू, विभिन्न सञ्चार माध्यममा कार्यरत सञ्चारकर्मी प्रतिनिधिहरूले अनुगमन कार्यलाई सहयोग पुग्ने गरी अनुगमन प्रक्रियाको स्थलगत अवलोकन गर्न सक्नेछन्। तर सामान जफत गर्ने, धुल्याउने वा नष्ट गर्ने वा

सिलबन्दी गर्ने कार्यमा सम्बन्धित आधिकारिक कर्मचारी वा प्रहरीद्वारा नै कार्य सम्पन्न गर्नु पर्नेछ,

(ञ) अनुगमन टोलीले अनुगमनमा जानु अघि आवश्यकता अनुसार अन्य मापदण्ड बनाउन सक्नेछ।

## परिच्छेद -७
## विविध

१५. **बजार अनुगमन समितिको कार्यक्रम तथा बजेटः** (१) निर्देशनालयले आफ्नो स्रोत साधन र जनशक्ति प्रयोग हुने गरी बजार अनुगमनका लागि आवश्यक कार्यक्रम र बजेट प्राथमिकताका साथ वार्षिक कार्यक्रममा समावेश गर्नु पर्नेछ ।

(२) संघीय सरकारवाट बजार अनुगमनका लागि अनुदान प्राप्त भएमा सोही अनुसार कार्यक्रममा समावेश गर्नु पर्नेछ।

(३) प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले बजार अनुगमन गर्दा लाग्ने अति आवश्यक खर्चको व्यवस्था गर्न सक्नेछ।

(४) वार्षिक कार्यक्रममा उपभोक्ता सचेतनाको कार्यक्रम समेत समावेश गर्नु पर्नेछ।

(५) बजार अनुगमनको क्रममा नमूना संकलन गर्दा प्रदायकलाई वस्तुको मूल्य भुक्तानी गरी बिल लिनु पर्नेछ।

(६) बजार अनुगमन गर्दा बजार अनुगमनमा खटिने नेपाल सरकारका कर्मचारीलाई अनुगमन गरिएको प्रत्येक





दिनको लागि प्रचलित नियमानुसारको दैनिक भ्रमण भत्ता र खाजा खर्च वापत रु. ५००।- उपलब्ध गराइनेछ।

(७) उपभोक्ता हकहितसँग सम्बन्धित संस्थाका प्रतिनिधि, सञ्चारकर्मी र स्वयंसेवकहरूको सम्बन्धमा बढीमा ३ जनालाई अनुगमन कार्यमा खटिएको प्रत्येक दिनको लागि खाजा खर्च वापत रु. ५००।- उपलब्ध गराइनेछ।

१६. **स्थानीय प्रशासनको कर्तव्यः** बजार अनुगमन गर्दा अनुगमन टोलीले सुरक्षा लगायतका आवश्यक सहयोग माग गरेमा तत्काल त्यस्तो सुरक्षा तथा सहयोग उपलब्ध गराउनु स्थानीय प्रशासनको कर्तव्य हुनेछ।

१७. **असल नियतले गरेको काम बचाऊः** यस निर्देशिका बमोजिम बजार अनुगमन गर्दा असल नियतले गरेका कामको सम्बन्धमा टोलीका संयोजक तथा सदस्यहरू उपर कुनै कारवाही हुने छैन।

१८. **प्रचलित कानून बमोजिम हुनेः** यस निर्देशिकामा भएको व्यवस्थाले प्रचलित कानून बमोजिम हुने अन्य अनुगमन कार्यलाई वाधा पुऱ्याएको मानिने छैन।

१९. **प्रतिवेदनः** बजार अनुगमनको मासिक प्रगति प्रतिवेदन अनुसूची-३ बमोजिम तयार गरी मन्त्रालय समक्ष पेस गर्नु पर्नेछ।

२०. **वाधा अड्काउ फुकाउने अधिकारः** यस निर्देशिकाको कार्यान्वयनमा कुनै वाधा अड्काउ परेमा मन्त्रालयले वाधा अड्काउ फुकाई निर्देशिका कार्यान्वयन गर्नेछ।

अनुसूची-१

(दफा ६ को उपदफा (७) सँग सम्बन्धित)

श्री उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय,
...............................................प्रदेश,
...............................................।

विषयः- बजार अनुगमनको मासिक प्रतिवेदन।

आज मिति २०   /   /   देखि २०   /   /   सम्म निम्न स्थानहरूमा बजार अनुगमन गर्दा निम्नानुसार देखिएको व्यहोरा अनुरोध छ ।

| सि.नं. | अनुगमन गरिएको स्थान | अनुगमन गरिएको क्षेत्र/प्रकृति/वस्तु हरू | अनुगमनको विवरण (परिमाण, अवस्था र अन्य कुरा) | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

बोधार्थः
श्री संयोजक ज्यू,
बजार अनुगमन समन्वय समिति।





अनुसूची-२

(दफा ६, ७ र ८ सँग सम्बन्धित)

अनुगमन गरिने वस्तु तथा सेवाहरूको वर्गीकरण

(अ) अनुगमन गरिने वस्तुको वर्गीकरणः बजार अनुगमनको क्रममा विभिन्न उपभोग्य वस्तु तथा सेवाको अनुगमन गर्नु पर्ने भएकाले उपभोग्य वस्तु तथा सेवाको निम्नानुसार वर्गीकरण गरिएको छ।

समूह"क"खाद्यान्न/माछा/मासुजन्य/तरकारी/फलफूल/दैनिक उपभोग्यः

(१) खाद्यान्न तथा खाद्य पदार्थहरू नुन, चिनी, चिया, कफी, मह, प्रशोधित पानी आदि।

(२) अप्रशोधित, अर्धप्रशोधित वा प्रशोधित खाद्य पदार्थहरू,

(३) प्रशोधित खाद्य पदार्थ उत्पादन गर्न प्रयोग गरिने कच्चा पदार्थ,

(४) खाद्य पदार्थ उत्पादन गर्ने उद्योग,

(५) खाद्य पदार्थ बिक्री वितरण गरिने बिक्रीस्थल र भण्डारगृह वा सञ्चयस्थल,

(६) खाने तेल, घिउ (वनस्पति घिउ समेत),

(८) दुध तथा दुग्ध पदार्थहरू र दुध प्याकिङ्ग गर्न प्रयोग हुने प्लाष्टिक पाउडरहरू,

(९) माछा, मासु, अण्डा,

(१०) मसलाजन्य पदार्थहरू (जिरा मरिच, अदुवा, लसुन, धनिया, बेसार, ज्वानो, मेथी, ल्वाङ, सुकुमेल, अलैंची, दाल्चिनी र खुर्सानी लगायतका मसलाको रुपमा उपभोग गरिने पदार्थहरू)

समूह "ख" औषधी एवं स्वास्थ्य सेवाः

(१) औषधी तथा औषधीजन्य पदार्थहरू (पशुपंक्षी औषधी तथा जडिबुटीमा आधारित औषधी समेत),

(२) औषधी उत्पादन गर्ने उद्योग तथा बिक्री वितरण गरिने स्थल,

(३) अस्पताल, नर्सिङहोम, क्लिनिक आदि स्वास्थ्य सेवा प्रदायक संस्थाहरु।

समूह "ग" रासायनिक मल/विषादी/बिउ बिजन/कृषि औजारः

(१) पशुपंक्षी आहार र त्यसमा प्रयोग हुने कच्चा पदार्थहरू समेत,

(२) रासायनिक मल, विषादी, बिउ बिजन, कृषि औजारहरू।

समूह "घ" इन्धनः

(१) इन्धन भण्डारण, पेट्रोलियम पदार्थको नापतौल, गुणस्तर, मूल्य तथा मापदण्डहरूको परिपालना।





समूह "ङ" निर्माण सामग्रीः

(१) ढुङ्गा, इटा, गिट्टी, वालुवा लगायतका हार्डवेयर पसल, सेनेटरी पसल, धारापानी आदि निर्माण सामग्री तथा सोसँग सम्बन्धित उद्योग, भण्डारण स्थल र बिक्री वितरण स्थल।

समूह "च" शैक्षिक सामग्रीः

(१) पाठ्यसामग्री, स्टेशनरी लगायतका शैक्षिक सामग्रीहरु

समूह "छ" होटल/रेष्टुरा/खाजा घर/चमेना गृह/लजः

(१) होटल/ रेष्टुरा/ खाजाघर/ चमेना गृह/ लजको सरसफाइ तथा अन्य व्यवस्थापन

(२) प्रशोधित र अप्रशोधित बस्तुहरुको भण्डारण

(३) होटल, रेष्टुरा तथा मिठाई पसलहरूमा बिक्री हुने पकवान तथा प्याकेजिङ्ग गरी बिक्री हुने खाद्य पदार्थहरू, हल्का पेय पदार्थहरू, मदिराजन्य पदार्थ।

समूह "ज" सुर्तीजन्य पदार्थः

(१) सुपारी, पानपराग, सुर्ती, बिंडी, चुरोट तथा सुर्तीजन्य पदार्थ।

समूह "झ" नाप तौलः

(१) ढक, तराजु लगायतका नाप तौलमा प्रयोग हुने उपकरणहरू।

समूह "ञ" पशुपंक्षी हाट बजारः

(१) पशुपंक्षी, हाटबजार तथा बिक्रीस्थल।

समूह "ट" सौन्दर्य सामग्रीः

(१) विभिन्न प्रकारका सौन्दर्य सामग्रीहरू

(२) व्युटिपार्लर/सैलुन आदि।

समूह "ठ" विद्युतीय सामानहरूः

(१) विद्युतीय सामानहरू,

(२) इलेक्ट्रोनिक्स सामानहरू।

समूह "ड" रङ्गरोगनः

(१) विभिन्न कम्पनीका भवन सम्बन्धी रङ्ग र रङ्गरोगन सम्बन्धी सामग्रीहरू।

समूह "ढ" गरगहनाः

(१) सुन, चाँदी, हिरा, मोती, जवाहरत तथा सोवाट निर्मित गरगहनाहरूको नापतौल एवं गुणस्तर।

समूह "ण" सवारी साधन

(१) ट्याक्सी मिटर शुल्क र अटोरिक्सा, ट्याम्पो, नगरबस आदिको भाडा आदि।

समूह "त" अन्यः

(१) अन्य उपभोग्य वस्तुहरूको उत्पादन स्थल, प्रशोधन स्थल, ढुवानीको अवस्था, बिक्रीस्थलहरू,





(आ) अनुगमन गरिने सेवाको विवरणः

(क) व्यापारिक सेवा,

(ख) सञ्चार सेवा,

(ग) स्थल यातायात तथा हवाई सेवा,

(घ) विद्युत सेवा,

(ङ) खानेपानी सेवा,

(च) विज्ञापन सेवा अन्य उपभोग्य सेवाहरू,

(छ) स्वास्थ्य सेवा।

अनुसूची-३

(दफा ९ सँग सम्बन्धित)

## दैनिक बजार अनुगमन फाराम

(बजार अनुगमन फारामको प्रमाणित प्रति सम्बन्धित व्यवसायीलाई दिनु पर्नेछ)

मितिः

व्यापारिक प्रतिष्ठानको नामः श्री

ठेगानाः

प्रोप्राइटर वा फर्मधनीको नामः

फोन नं.:

यस कार्यालयको नेतृत्वमा खटिएको बजार अनुगमन टोलीवाट तपाईको बिक्रीस्थल/गोदाम/उद्योगको निरीक्षण गर्दा निम्न अनुरुपको स्थिति भेटिएकोले देहाय अनुसार गर्नु गराउनु हुन निर्देशन दिइएको छ।

| क्र.सं. | विवरण | भएको | नभएको | टोलीवाट दिइएको निर्देशन |
|---|---|---|---|---|
| १. | मूल्य-सूची | | | |
| २. | साइनबोर्ड | | | |
| ३. | व्यवसाय दर्ता/नवीकरण | | | |
| ४. | नाप तौलको प्रमाण | | | |
| ५. | लेबलमा खुलाउनु पर्ने कुराहरू स्पष्ट उल्लेख | | | |
| ६. | म्याद नाघेको सामग्री | | | |
| ७. | स्थायी लेखा नम्बर (PAN)/ VAT मा दर्ता | | | |
| ८. | बिक्री बिल दिने प्रक्रिया | | | |
| ९. | खाद्य अनुज्ञा पत्र (खाद्य उद्योगको लागि) | | | |
| १०. | मासुको गुणस्तर सन्तोषजनक | | | |
| ११. | मिठाईको गुणस्तर लगायतका पक्षहरू सन्तोषजनक | | | |
| १२. | ग्याँसको तौल, मूल्य लगायतका विषय सन्तोषजनक | | | |
| १३. | खरिद बिल | | | |
| १४. | यस अगाडिको निर्देशनमा पालना | | | |
| १५. | अन्य कैफियतपूर्ण स्थिति (खुलाउने) | | | |





एक पटक दिइएका निर्देशनहरू पुनः अनुगमन गर्दा पालना नभएको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

निरीक्षण टोली

(१) संयोजक श्री ............

(२) सदस्य श्री ...............

(३) सदस्य श्री ...............

(४) सदस्य श्री ...............

(५) सदस्य श्री ...............

......................................

माथि उल्लिखित विवरण ठिक छ भनी उत्पादक/बिक्रेताको नाम र सही

प्रतिष्ठानको छाप



खण्ड ३) अतिरिक्ताङ्क १४, प्रदेश राजपत्र  भाग २ मिति २०७६।०७।०६

अनुसूची -४

(दफा १३ को उपदफा (७) सँग सम्बन्धित)

<u>मुचुल्का</u>

................प्रदेश...............जिल्ला ............... गाउँपालिका/ नगरपालिका/उ.प.म.न.पा./म.न.पा. वडा नं.........टोल.............मा खडा गरेको घटनास्थल/ बदामदी/खानतलासी/शिलछाप लगाएको मुचुल्काः-

१. उजुरी वा सूचनाको छोटकरी विवरणः-

२. चार किल्ला सहित खानतलासी/बरामदी गरिएको चिज वस्तुको नमूना तथा ठाउँको विवरणः-

३. बरामद भएको सामान/दसीको विवरण/शिलछाप गरिएको विवरणः-

(क)

(ख)

(ग)

(घ)

४. खानतलासी/बरामदी भएको देखे बमोजिम सहि छाप गर्ने साक्षीः (नाम, वतन समेत)

(क)

(ख)

(ग)

५. रोहबरमा बस्नेहरूको नाम, थर, उमेर, वतन र सहिछापः-

(क)

(ख)

(ग)

६. निरीक्षण टोलीले मेरो उद्योग, गोदाम, पसलमा अनुगमन गर्दा कुनै सामान हिनामिना भएको छैन। प्रकरण नम्बर ३ मा उल्लेख भएको चिज वस्तु तथा सामानहरू मेरो .................. उद्योग, गोदाम, पसलवाट बरामद भएको हो। साथै टोलीले लगाएको सिल थान...... छाप भएको ठिक साँचो हो भनी सहिछाप गर्नेः-

(क)

(ख)

(ग)

७. काम तामेली गर्नेः-

(क)

(ख)

(ग)

मितिः

समयः





अनुसूची-५

दफा १३ को उपदफा (११) सँग सम्बन्धित

<u>तारेख भरपाई</u>

पक्षः........................

विपक्षः............................ प्रदेश.............. जिल्ला.............. गाउँपालिका/नगरपालिका /उ.प.म.न.पा./म.न.पा................वडा नं.........स्थायी घर भई हाल.................... जिल्ला................ गाउँपालिका/ नगरपालिका/उ.प.म.न.पा./म.न.पा. वडा नं........बस्ने श्री..........................का नाती/नातिनी श्री..........................का छोरा/छोरी वर्ष.......को ..............................नामक व्यवसायका सञ्चालक श्री...........................सम्पर्क नं. ..................।

तारेख

मिति................साल.............महिना...........गते

रोज............दिनको समय ............ बजे उपस्थित हुनेछु भनी सही छाप गर्नेको

हस्ताक्षरः

नामः

**आज्ञाले,**

**डा. दीपक कुमार खराल**

**प्रदेश सरकारको सचिव।**



मुद्रकः आन्तरिक मामिला तथा कानून मन्त्रालय, धनगढी, कैलाली। मूल्यः रु. १५।-